# लिसंखु पाखर गाउँपालिकाको महिला समूह दर्ता तथा सञ्चालन सम्बन्धी कार्यविधि - २०८१

**कार्यपालिकाबाट स्वीकृत मिति :२०८१/०३/०८**
**प्रमाणिकरण मिति : २०८१/०३/०८**

पृष्ठभूमि :-

आधा भन्दा बढी जनसंख्या ओगटेका महिलाहरुको सामाजिक, आर्थिक, सांस्कृतिक, राजनैतिक विकासको माध्यमबाट देश विकासको मूल प्रवाहमा समाहित नगरी देशको समग्र विकास हुन नसक्ने कुरालाई हृदयंगम गरी निरपेक्ष गरिबीको रेखामुनि रहेका यस गाउँपालिका भित्रका महिलाहरुको सामाजिक, आर्थिक, सांस्कृतिक, राजनैतिक स्थितिमा सुधार गरी राष्ट्रिय विकासको मूलप्रवाहमा महिला र पुरुष विचको असमानता हटाई महिलाहरुलाई पुरुष सरह समान अधिकार प्रदान गर्न र उनीहरुलाई संगठित गरी सामाजिक परिचालनको माध्यमद्वारा महिला उपर हुने भेदभावपूर्ण व्यवहारको अन्त्य गर्न आवाज उठाउनका लागि गाउँका महिलाहरुलाई क्षमता बिकाश देखि लिएर हरेक सामाजिक क्रियाकलापहरुमा सहभागिता गराई आर्थिक आय आर्जनमा समेत सहयोग पुग्ने खालका बचत संकलन, बचत परिचालन, कृषि व्यवसाय, व्यापार व्यावसाय, उद्योगधन्दाहरु संचालन गर्न सक्षम वनाउने उदेश्यले टोलस्तरीय महिला समूह गठन गर्न लागिएको हो।

सामुहिक प्रयासबाट महिलाको हित प्रवर्द्धन गर्न, महिलाको सामाजिक तथा आर्थिक विकास, महिलाको आय आर्जनमा वृद्धि गर्न, महिलाहरुको हक हितको रक्षा गर्न, राज्य संयन्त्रप्रति महिलाहरुको पँहुच स्थापित गर्न, समग्र महिलाहरुको उत्थान गरी समतामुलक समाजको निर्माण गर्न महिलाहरु मात्र सदस्य रहने गरी महिला समूहहरु गठन गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुरुप स्थानीय सेवाको अधिकतम उपयोग गर्न लिसंखु पाखर गाउँपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद-१

**प्रारम्भिक :-**

१. **कार्यविधिको सक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम "लिसंखु पाखर गाउँपालिकाको महिला समूह सञ्चालन सम्बन्धी कार्यविधि, २०८१" रहनेछ ।

(ख) यो कार्यविधि लिसंखु पाखर गाउँपालिकाको गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

(ग) यो कार्यविधि लिसंखु पाखर गाउँपालिका भर लागु हुनेछ ।

(घ) यो कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा ४ को (ठ) ले दिएको अधिकार प्रयोग गरी लिसंखु पाखर गाउँपालिकाले बनाई जारी गरेकोछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधिमा :-

(क) "समूह" भन्नाले टोलस्तरमा रहेको समान तथा साझा उद्देश्य बोकी आपसमा एक भएका महिलाहरुको भेला वा समुहलाई जनाउँछ ।

(ख) "वडा महिला समिति" भन्नाले टोलस्तरमा रहेको समूहले प्रतिनिधि छनौट गरी बनाएको वडा स्तरीय समूहको समितिलाई जनाउँछ ।

(ग) "अध्यक्ष" भन्नाले टोल समूह वा वडा महिला समूहको अध्यक्षलाई जनाउँछ ।

(घ) "महिला" भन्नाले लिसंखु पाखर गाउँपालिका भित्र बसोवास गरेका २० वर्ष उमेर पुरा भएका ६० वर्ष ननाघेका महिलाहरुलाई जनाउँछ ।

(ङ) "टोल" भन्नाले गाउँपालिकाको कुनै निश्चित क्षेत्रमा बसोवास गरेका मानव वस्तिलाई जनाउछ ।

(च) "गाउँपालिका" भन्नाले लिसंखु पाखर गाउँपालिकालाई जनाउँछ ।

(छ) "कार्यपालिका" भन्नाले लिसंखु पाखर गाउँपालिकाको कार्यपालिकालाई जनाउँछ ।

(ज) "विधान" भन्नाले समूहको विधानलाई जनाउँछ ।

विनोद कार्की
प्रमुख प्रशासकीय अधिकृत

(झ) "कार्यालय" भन्नाले लिसंखु पाखर गाउँपालिकाको कार्यालयलाई जनाउँछ ।
(ञ) "परिवार" भन्नाले संगोलमा बसोवास गरेको एकै भान्सामा खाना खाने, वैवाहिक वा रक्त सम्बन्धको आधारमा एकिकृत भएको मानव समूहलाई जनाउछ ।

**३. उद्देश्य :** महिला समूह गठन तथा सञ्चालनको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहनेछन:-

(क) स्थानीय स्तरमा छरिएर रहेका स-साना रकमलाई समूहगत रुपमा बचत गरी उक्त रकमलाई आवश्यकता अनुरुप उत्पादनशील कार्यमा परिचालन गर्ने ।
(ख) विभिन्न निकायबाट प्रवाह गरिने सेवामा महिलाको पँहुच अभिवृद्धि गर्ने ।
(ग) महिलाहरुलाई आफ्ना हक, हित र अधिकारका विषयमा जागरुक गराउने ।
(घ) विभिन्न निकायबाट सञ्चालन हुने विकासका क्रियाकलापहरुमा महिलाको सहभागिता सुनिश्चित गराई महिलाहरुलाई दक्ष र क्षमतावान बनाउने ।
(ङ) निर्णय प्रक्रियामा महिलालाई समान अवसर र अधिकार प्राप्त गर्न सक्षम बनाउने ।
(च) गाउँपालिका तथा वडाबाट संचालन हुने सहभागितामुलक योजना तर्जुमा, अनुगमन तथा मुल्याकंन प्रकृयामा महिलाहरुलाई सहभागी गराउने ।
(छ) सामाजिक विकृती विसङ्गती, कुरीति अन्धविश्वास, लैङ्गिक विभेद, सामाजिक अपहेलना विरुद्ध आवाज उठाउन जागरुक गराउने ।
(ज) महिलाको सामाजिक, सास्कृतिक, आर्थिक, शैक्षिक, लैङ्गिक तथा विविध क्षेत्रमा हुने कमजोर उपस्थितिलाई पुरुष सरह पँहुचयोग्य बनाई समतामुलक समाजको निर्माणमा सहयोग पुर्‍याउने ।
(झ) महिला अधिकारमैत्री गाउँपालिकाको रुपमा पहिचान स्थापित गर्ने ।
(ञ) महिलामैत्री लक्षित कार्यक्रम तय गरी कार्यान्वियनका लागि वडा कार्यालय तथा गाउँपालिकामा पेश गर्ने ।
(ट) स्थानीय स्तरमा माग भई स्वीकृत भएका महिला सम्वन्धी कार्यक्रम संचालन गर्ने गराउने ।
(ठ) समूहलाई विकास गर्दै सहकारी संस्था गठन गर्न उन्मुख गराउने ।

## परिच्छेद-२

**४. समूह गठनका आधारहरुः** गाउँपालिकाको महिला, बालबालिका तथा समाज कल्याण उपशाखा मातहतमा गठित महिला समूह गठन गर्दा देहायका बुँदामा ध्यान दिनुपर्दछ :-

(क) महिलाहरुको आवश्यकता र चाहानालाई मध्यनजर गर्ने ।
(ख) टोलमा रहेका घरधुरी र महिलाको संख्या अवस्था ।
(ग) महिलाहरुको सामाजिक आर्थिक तथा सांस्कृतिक अवस्था
(घ) समूहमा विभिन्न वर्ग, जातजाति र उमेर समूहको प्रतिनिधित्वको सुनिश्चितता ।
(ङ) समूहको कार्यक्षेत्र ।

**५.समूहको सदस्यहरुको छनौटका आधारहरु :**

(क) साझा लक्ष्य र उद्देश्य लिएका ।
(ख) समान आर्थिक स्तर भएका ।
(ग) एउटै क्षेत्रमा बसोवास गर्ने ।
(घ) एक परिवार एक सदस्यको मान्यतालाई पूर्ण रुपमा लागु गर्नुपर्ने तर यदि एकै परिवारमा ५ (पाँच) वा सोभन्दा बढी महिला संख्या भएमा र समूहमा आवद्ध हुन चाहेमा एक परिवारवाट २ जनासम्म सदस्य हुन सक्नेछन् ।
(ङ) कुनै एक समूहमा आवद्ध सदस्य अर्को त्यस्तै प्रकृतिको समूहमा आवद्ध हुन नसक्ने ।
(च) २० वर्ष उमेर पूरा भई ६० वर्ष उमेर ननाघेका महिला हुनुपर्ने ।
(छ) कुनै गैर कानुनी कार्यमा संलग्नता नभएको ।
(ज) मानसिक सन्तुलन ठिक भएको हुनुपर्ने ।

विनोद कार्की
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद-३

**६. टोल स्तरीय महिला समूह गठन प्रकृया :**

(१) गाउँपालिकाको प्रत्येक वडाका टोल स्तरमा महिला मात्र रहेको कम्तीमा ११ सदस्यीय महिला समूह गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम गठन भएका महिला समूहका भेलाबाट प्रतिनिधिहरु छनौट गरी एक/एक जना अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष र अन्य सदस्यहरु रहेको टोलस्तरीय महिला समूह गठन हुनेछ ।

(३) उपदफा (२) बमोजिम गठन भएका महिला समूहका पदाधिकारीहको पदावधी २ वर्षको हुनेछ । साधारण सभाले आवश्यकता अनुसार सहमतिका आधारमा आफू पदाधिकार रहेको पदमा हेरफेर तथा परिवर्तन गर्न सक्नेछन् ।

**७. टोल स्तरीय महिला समूहको काम र कर्तव्य :** टोल स्तरीय महिला समूहले देहाय बमोजिमको कार्य गर्नुपर्नेछ ।

(क) सदस्यहरुलाई बचत गर्ने बानीको विकास गर्ने गराउने ।

(ख) बचतबाट संकलित रकम सदस्यहरुलाई नै उत्पादनमूलक कार्यका लागि समूहकै निर्णय अनुसारको व्याज दरमा ऋण प्रदान गर्ने ।

(ग) बचत रकम र ऋण परिचालनको रेकड अद्यावधिक गरी राख्ने र प्रतिवेदन वार्षिक रुपमा साधारण सभामा पेश गरी समिक्षा गर्ने।

(घ) ऋण लगानीवाट सदस्यहरुले गरेको प्रगतिलाई लेखाजोखा गरी राम्रा पक्षलाई प्रोत्साहन र खराव पक्षलाई निराकरण गर्न सहयोग गर्ने ।

(ङ) अन्धविश्वास, कुरीति, मानव वेचविखन, बाल विवाह, बहुविवाह, जस्ता सामाजिक समस्या, विकृती, विसङ्गतीको पहिचान गरी सुधारका प्रयासहरु गर्ने ।

(च) धुम्रपान तथा मद्यपान र जुवातासलाई न्युनीकरण गरी नमुना गाउँको रुपमा स्थापित गर्दै लैजाने ।

(छ) टोलमा महिला सचेतनामुलक कार्यक्रम सञ्चालन गरी सभ्य, सुसँस्कृत टोल समाज निर्माणमा सक्रिय भूमिका निर्वाह गर्ने ।

(ज) समानतामा आधारित पँहुच, समतामुलक समाज निर्माणमा जोड दिई महिला अधिकारका विषयहरुप्रति सचेत एवं चनाखो हुने ।

(झ) सरकारी तथा गैरसरकारी संस्थाहरुसँगको सुमधुर सम्बन्ध स्थापित गरी महिला समूहको उत्थानमा सहजीकरण गर्ने ।

(ञ) गाउँपालिका तथा वडाबाट सञ्चालित योजना तर्जुमा, कार्यन्वयन तथा अनुगमनमा सक्रिय सहभागिता जनाउने ।

(ट) होम्स्टे तथा नयाँ व्यवसायको सुरुवात गरी आफ्नो रितिरिवाज, संस्कृतिको प्रदर्शन मार्फत आन्तरीक तथा वाह्य पर्यटन प्रवर्धनमा सहयोग पुयाउने ।

(ठ) वडास्तरीय महिला समितिले वडाभित्र विभिन्न टोलमा रहेका समुहहरुको छाता संगठनको रुपमा रही आवश्यक समन्वय र नेतृत्व गर्ने ।

## परिच्छेद-४

**८. महिला समूह दर्ता सम्वन्धी व्यवस्था :-**

(१) प्रत्येक टोलमा गठन हुने महिला समूह गाउँपालिकाको महिला बालबालिका तथा समाज कल्याण उपशाखामा दर्ता हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम दर्ता हुनको लागि महिला समूहले वडाको सिफारीस, अनुसुची ५ को समुहको नमुना विधान बमोजिमको समूहद्वारा प्रमाणित भएको विधान, समूहको निर्णयको प्रतिलिपि र प्रत्येक पदाधिकारीहरुको नेपाली नागरीकताको प्रतिलिपि सहित अनुसूची-१ बमोजिम को ढाँचामा निवेदन दिनुपर्नेछ ।

(३) कार्यालयले उपदफा (२) बमोजिम प्राप्त निवेदनको आधारमा महिला समूह दर्ता गरी अनुसुची-२ वमोजिम अभिलेख खातामा अभिलेख राख्नुपर्नेछ ।

(४) उपदफा (१) बमोजिम दर्ता भएको महिला समूहलाई अनुसुची-३ वमोजिम महिला समूह दर्ता प्रमाण-पत्र प्रदान गर्नुपर्नेछ ।

विनोद कार्की
प्रमुख प्रशासकीय अधिकृत

(५) उपदफा (१) बमोजिम समूह दर्ता भएको लिखित जानकारी गाउँपालिकाले सम्बन्धित वडा कार्यालयलाई दिनुपर्नेछ ।

(६) प्रत्येक टोलमा एक भन्दा बढी एउटै उद्देश्य भएको महिला समूहलाई दर्ता गरिने छैन ।

**९.नाम जुराउनुपर्ने :**

(१) यस कार्यविधि बमोजिम गठन हुने टोल स्तरीय महिला समूहको नाम सोही महिला समूहको निर्णय अनुसार जुराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जुराइएको महिला समूहको नाम गाउँपालिकाको महिला बालबालिका तथा समाज कल्याण उपशाखामा दर्ता गर्ने क्रममा दर्ता भईसकेका अन्य महिला समूहको नाम सँग बाझिएमा वा एउटै पर्न गएमा दर्ता हुन आएको नँया महिला समूहले पुनः निर्णय गरी नाम नजुध्ने गरी अर्को नाम जुराई दर्ता गराउनुपर्नेछ ।

**१०.समूह पुर्नगठन गर्ने :-** विधानमा उल्लेख भए बमोजिम समूहले आफ्नो आवस्यकताको आधारमा साधारण सभाबाट निर्णय गरी समूह पूर्नगठन गर्न सक्नेछ । महिला समूहको साधारण सभाले समूह पूर्नगठन गरेमा गाउँपालिकालाई सोको जानकारी दिनुपर्नेछ ।

**११.समूह नवीकरण गर्ने:-**

(१) महिला समूहले आफ्नो महिला समूह दर्ता प्रमाण पत्र प्राप्त गरेपछि प्रत्येक वर्ष असोज मसान्त सम्ममा समूह नवीकरण गर्नु पर्दछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको समयभित्र समूह नवीकरण नगरेमा वार्षिक नवीकरण रकमको २५ प्रतिशतले हुन आउने रकम थप दस्तुर लाग्नेछ ।

(३) लगातार तीन वर्ष सम्म कुनै समुह नवीकरण नभएमा उक्त समुह स्वत खारेज हुनेछ ।

(४) नवीकरण शुल्क आर्थिक ऐन मार्फत गाउँपालिकाले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद-५
## विविधः

**१२. समूहको हिसाव कितावको अभिलेखः-**

(१) समूहले आफ्नो हिसाव कितावको अभिलेख अनुसुची ४ मा उल्लेखित ढाँचा वमोजिम राख्नुपर्नेछ ।

(२) समूहले राखेको हिसाव किताबको नियमित जाँच तथा अनुगमन गर्न समूहका सदस्यहरुले आफू मध्येवाट एकजना संयोजक सहित तीन सदस्यीय लेखा समिति गठन गर्नु पर्नेछ ।

(३) उपदफा-२ बमोजिम गठित समितिले मासिक रुपमा समुहको हिसाव किताव अनुगमन तथा जाँच गरी समुहलाई आवश्यक सल्लाह र निर्देशन दिनेछ ।

**१३. समुह खारेजि सम्वन्धी व्यवस्था :-** कुनै महिला समूहले यस कार्यविधि तथा विधानमा उल्लेखित उद्देश्य विपरीत कार्य गरेमा वा प्रचलित कानुन बमोजिम गर्न नहुने कार्य गरेमा गाउँपालिकाले जुनसुकै बखत त्यस्तो समूह खारेज गर्न सक्नेछ

**१४. खारेजि र वचाउ :**

(१) यो कार्यविधि प्रचलित संघ, प्रदेश तथा लिसंखु पाखर गाउँपालिकाले बनाएको कानूनसँग बाझिएमा बाझिएको हदसम्म बाझिएका बुँदाहरु स्वतः खारेज हुनेछन् । साथै यो कार्यविधि बन्नु पुर्व गाउँपालिकामा कुनै कारणले दर्ता हुन आएका समूहहरु यसै कार्यविधि अनुरुप दर्ता हुन पर्नेछ ।

(२) यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा गाउँपालिकाको कार्यपालिकाको निर्णय अनुसार बाधा अड्काउ फुकाउ गरिनेछ ।

**१५.आवश्यक समन्वय र सहयोग :-** यस कार्यविधि वमोजिम गठित समुहहरुलाई गठन, सञ्चालन एवं व्यवस्थापनमा गाउँपालिकाले प्राविधिक एवं अन्य सहयोग उपलव्ध गराउने छ ।

**१६. समुहलाई स्तरीकरण गर्ने :-**गाउँपालिकाले यस कार्यविधि वमोजिम गठित समूहहरुलाई निश्चित मापदण्डको आधारमा स्तरीकरण गरी परिपक्व समूहहरुलाई परिपक्वताको प्रमाण पत्र प्रदान गरी प्रोत्साहन तथा पुरस्कृत गर्न सक्नेछ ।

**१७. अनुगमन तथा मूल्याङ्कन :-** यस कार्यविधि वमोजिम गठन भएका समुहहरुका क्रियाकलापहरुको गाउँपालिकाले अनुगमनतथा मूल्याङ्कन गरी पृष्ठपोषण दिनेछ ।

विनोद कार्की
प्रमुख प्रशासकीय अधिकृत

**अनुसुची १**

(कार्यविधिको दफा ८ को उपदफा २ संग सम्वन्धित)

**गाउँपालिकामा समुहको दर्ता गर्ने निवेदनको ढाँचा**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
लिसंखु पाखर गाउँपालिकाको कार्यालय,
अत्तरपुर, सिन्धुपाल्चोक

विषय : महिला समूह दर्ता गरी पाउँ ।

महोदय ,

प्रस्तुत विषयमा यस लिसंखु पाखर गाउँपालिका वडा नं. ..... को ...................... टोलमा मिति ............... मा तपसिल बमोजिम मुख्य पदाधिकारीहरु रहने गरी ................................ महिला समूह गठन गरिएको हुँदा यस महिला समूहलाई लिसंखु पाखर गाउँपालिको कार्यालयमा दर्ता गरी समूह दर्ता प्रमाण-पत्र उपलब्ध गराई दिनुहुन अनुरोध छ ।

तपसिल

| सि. नं. | नाम थर | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |

(नोट : महिला समूह दर्ता गर्न आवश्यक कागजातहरु : भेलाको निर्णय, वडाको सिफारिस, पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी र समूहको विधान २ प्रति यसैं निवेदन साग संलग्न गरिएको छ)

**निवेदक**

अध्यक्षको नाम :
महिला समूहको नाम :
ठेगाना :
मिति :

दिवोद कार्की
प्रमुख प्रशासकीय अधिकृत

## अनुसुची २
**(कार्यविधिको दफा ८ को उपदफा ३ संग सम्वन्धित)**
**महिला समुह अभिलेख खाता**

(क) समूह दर्ताको विवरण

१) समूहको नाम :-
२) ठेगाना :-
३) टोल :-
४) अध्यक्षको नाम :-
५) दर्ता नं. :-
६) फोन नं. :-
७) दर्ता मिति :-
८) समूहको जम्मा सदस्य संख्या :-
९) स्थायी लेखा नं.

..........................................
दर्ता गर्ने अधिकारीको दस्तखत

(ख) समूहको नविकरण विवरण

| सि. नं. | नवीकरण मिति | नवीकरण अवधि | | रसिद नं. र नवीकरण दस्तुर | नवीकरण गर्ने अधिकारीको दस्तखत | कार्यालयको छाप |
|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | | | |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |

विनोद कार्की
प्रमुख प्रशासकीय अधिकृत

**अनुसुची ३**
**(कार्यविधिको दफा ८ को उपदफा ४ संग सम्वन्धित)**
**समुहको दर्ता प्रमाण-पत्रको ढाँचा**

लिसंखु पाखर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
अत्तरपुर, सिन्धुपाल्चोक

दर्ता नं.
दर्ता मिति

# समूह दर्ता प्रमाण-पत्र

समूह गठन मार्फत सामाजिक परिचालनको माध्यमबाट यस गाउँपालिकाका महिलाहरुको हित प्रवद्धन गर्ने, महिलाहरुको सामाजिक, आर्थिक पक्षलाई स्तरोन्नति गर्ने, महिला शसक्तिकरण गर्ने, विकास निर्माणमा महिलाको सहभागिता गराउने, सामाजिक विकृती र विसङ्गतीका विरुद्ध आवाज उठाउने तथा महिलाहरुलाई सक्रिय र जागरुक गराउने पक्षमा यस महिला समूहको उल्लेखनीय भूमिका हुने अपेक्षाका साथ लिसंखु पाखर गाउँपालिका वडा नं....... स्थित............................. टोलमा गठन भएको ............................. महिला समूहलाई यस कार्यालयमा मिति ................. मा दर्ता गरी यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

दर्ता गर्ने अधिकारीको
नाम :
पद :
दस्तखत :
मिति :

समूहको नवीकरण विवरण

| सि. नं. | नवीकरण मिति | नवीकरण अवधि | | रसिद नं. र नवीकरण दस्तुर | नवीकरण गर्ने अधिकारीको दस्तखत | कार्यालयको छाप |
|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | | | |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |

विनोद कार्की
प्रमुख प्रशासकीय अधिकृत

अनुसुची ४
(कार्यविधिको दफा १२ को उपदफा १ संग सम्बन्धित)

**(क) समूहको मासिक बचत हिसाब खाता**

पाना नं.

समूहको नाम :                                                    ठेगाना :

आ. ब.

| क स | बचत कर्ताको नाम थर | अघिल्लो आ व सम्मको बचत | महिना र बचत रकम विवरण | | | | | | | | | | | | चालु आ व को जम्मा | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | श्रावण | भाद्र | आश्विन | कार्तिक | मंसिर | पौष | माघ | फागुण | चैत्र | वैशाख | जेष्ठ | आषाढ | | | |
| १ | | | | | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | | | | | | |
| ११ | | | | | | | | | | | | | | | | | |
| १२ | | | | | | | | | | | | | | | | | |
| १३ | | | | | | | | | | | | | | | | | |

(कोषाध्यक्ष)                    (सचिव)                    (अध्यक्ष)

विनोद कार्की
प्रमुख प्रशासकीय अधिकृत

(ख) समूहको आम्दानी तथा खर्च खाता

समूहको नाम : ना नं.

ठेगाना : आ. व. महिना :

| आम्दानी खण्ड | | | | खर्च खण्ड | | | | बाँकी खण्ड | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क सं. | आम्दानी विवरण | आम्दानी रकम रु | आम्दानी चढाउनेको हस्ताक्षर | खर्च भएको मिति | खर्च विवरण | खर्च रकम रु | खर्च चढाउनेको हस्ताक्षर | समूह कोषमा नगद | बैंकमा रु. | जम्मा रु |
| १ | गत आ व को मौज्दात अल्या | | | | मसलन्द खर्च | | | | | |
| २ | प्रवेश शुल्क | | | | समूह दर्ता/नविकरण | | | | | |
| ३ | सदस्यता शुल्क | | | | ऋण साँवा भुक्तानी | | | | | |
| ४ | जिन्सी/बस्तुगत सहयोग | | | | ऋण व्याज भुक्तानी | | | | | |
| ५ | आर्थिक सहयोग/चन्दा/दान | | | | ऋण भुक्तानी हर्जाना | | | | | |
| ६ | अनुदान (सरकारी/गैर सरकारी) | | | | ऋण लगानी | | | | | |
| ७ | कार्यक्रम संचालन आय | | | | दैनिक भत्ता | | | | | |
| ८ | व्याज/हर्जना/सेवाशुल्क | | | | चियापान खर्च | | | | | |
| ९ | गत आ व को साँवा असुली | | | | कार्यक्रम संचालन खर्च | | | | | |
| १० | समूह बचत | | | | परियोजना निर्माण खर्च | | | | | |
| ११ | ऋण प्राप्त | | | | फर्निचर खर्च | | | | | |
| १२ | विविध आय | | | | अन्य विविध खर्च | | | | | |
| | जम्मा खर्च | | | | जम्मा खर्च | | | | | |

(कोषाध्यक्ष) (सचिव) (अध्यक्ष)

विनोद कार्की
प्रमुख प्रशासकीय अधिकृत

(ग) लगानी तथा असुली खाता

समूहको नाम :

ठेगाना :

पाना नं.

ऋणीको नाम, थर र ठेगाना :

ऋणीको हकवालाको नाम, थर :

ऋणीको बाबु/पतिको नाम थर :

ऋणीको बाजेको नाम, थर :

१. लगानी खण्ड

| क स | ऋण लिनुको उदेश्य | लगानी भएको साँवा रकम रु | लगानी मिति | ब्याजदर | भुक्तानी गर्ने अन्तिम मिति | ऋण रकमको स्रोत ( बचत/अनुदान तथा अन्य) | किस्ता भुक्तानी प्रकृया ( मासिक /चौमासिक /अर्धवार्षिक | रकम बुझाउनेको हस्ताक्षर | ऋणीको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

(कोषाध्यक्ष) (सचिव) (अध्यक्ष)

२ असुली खण्ड

| क. सं. | ऋण असुली किस्ता (प्रथम/दोस्रो/तेस्रो) | ऋण असुली विवरण | | | | ऋण बाँकी विवरण | | | | असुली भएको ऋणको स्रोत बचत तथा अन्य | रकम बुझाउनेको हस्ताक्षर | रकम बुझ्नेको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | साँवा रु | ब्याज रु | हर्जाना रु | जम्मा रु | साँवा रु | ब्याज रु | हर्जाना रु | जम्मा रु | | | | |
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | |

(कोषाध्यक्ष) (सचिव) (अध्यक्ष)

विनोद डाँगी
प्रमुख प्रशासकीय अधिकृत

(घ) बचत पास बुक

पासबुक नं.

सदस्यको नाम :

आ. व.

ठेगाना :

| मिति | विवरण | बचत गरेको रु | व्याज रु | जम्मा रु | झिकेको रु | बाँकी रु | प्रमाणित गर्नेको सही |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

(कोषाध्यक्ष) (सचिव) (अध्यक्ष)

(ङ) समूहको आम्दानी र खर्चको फाँटवारी फाराम

समूको नाम :

ठेगाना :

आ. व. ................../....................को बार्षिक ............... महिनाको मासिक आम्दानी खर्चको फाँटवारी विवरण

| क. सं. | आम्दानी खण्ड | | | | क. सं. | खर्च खण्ड | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | आय विवरण | अघिल्लो महिना सम्मको आय | ........ महिनाको आय | कुल आय रु | | खर्चको विवरण | स्विकृत बजेट | अभिल्लो महिना सम्मको खर्च | ..... महिनाको खर्च | कुल खर्च रु |
| १ | | | | | १ | | | | | |
| २ | | | | | २ | | | | | |
| ३ | | | | | ३ | | | | | |
| ४ | | | | | ४ | | | | | |
| ५ | | | | | ५ | | | | | |
| | जम्मा आय रु. | | | | | जम्मा खर्च रु. | | | | |

विवरण

यो महिना सम्मको आया रु

यो महिना सम्मको खर्च रु

खर्च मध्ये पेश्की रु

गत विगतको पेश्की रु

कोषाध्यक्ष :

बैंक मौज्दात रु.

बैंकको नाम :

बै. हि. नं.

नगद मौज्दात रु.

प्रमाणित गर्ने :

प्रमुख प्रशासकीय अधिकृत

(च) खर्च भएर जाने समानको जिन्सी खाता

जिन्सी सामानको नाम : खातापाना नं.

ईकाइ :

| मिति | विवरण | खरिद आदेश नं. /विल नं. | मुल्य रु | आम्दानी | खर्च | बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

(कोषाध्यक्ष) (सचिव) (अध्यक्ष)

(छ) खर्च भएर नजाने समानको जिन्सी खाता

जिन्सी सामानको नाम : खाता पाना नं.

ईकाइ :

| मिति | विवरण | खरिद आदेश नं. /विल नं. | मुल्य रु | आम्दानी | खर्च | बाँकी | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

(कोषाध्यक्ष) (सचिव) (अध्यक्ष)

विनोद कार्की
प्रमुख प्रशासकीय अधिकृत

अनुसुची ५

**(कार्यविधिको परिच्छेद ४ को दफा ८ (२) संग सम्वन्धित)**
**समुहको नमुना विधान**

..............................महिला समूहको विधान

**प्रस्तावना :-**

समृद्ध नेपाल, सुखी नेपाली भन्ने राष्ट्रिय नारालाई सार्थकता दिन सहभागितामूलक समावेशीकरणलाई जोड दिदै स्थानीय रुपमा उपलब्ध श्रम सीप र साधन तथा अवसरलाई अधिकतम परिचालन गर्दै गाउँ तथा नगरको सामाजिक तथा आर्थिक व्यवस्थालाई एकअर्काको परिपूरकको रुपमा विकसित गरी गरिबी न्यूनिकरणका प्रयासमा ठोस योगदान पुर्याउन, सहभागितात्मक योजना तर्जुमा गर्ने तथा आफ्नो टोलको समग्र विकास गर्ने वातावरण सिर्जना गर्न गरी संचालन गर्न वान्छनीय भएकोले यो विधान बनाइएको छ। समूह गठन

**१.प्रारम्भिक :**

**१.१संक्षिप्त नाम र प्रारम्भ :**

(क) यो विधानको नाम ....................................समुहको विधान २०... रहनेछ।

(ख) यो विधान ..........................समूहको साधारण सभाबाट अनुमोदन भई लिसंखु पाखर गाउँपालिकाबाट स्वीकृत भएपछि तुरुन्त प्रारुम्भ हुनेछ।

**१.२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमा :**

१."समूह" भन्नाले टोलस्तरमा रहेका समान तथा साझा उद्धेश्य वोकी आपसमा एक भएका महिलाहरुको भेला वा समूहलाई जनाउछ।

२. "विधान" भन्नाले ..............................समूहको विधानलाई सम्झनुपर्छ।

३. "साधारण सभा" भन्नाले समूहका साधारण सदस्यहरुको भेला सम्झनुपर्छ।

४. "समिति" भन्नाले ......................... समूहको कार्य समिति सम्झनुपर्छ।

५."बैठक" भन्नाले समुहको संयुक्त वा छुट्टाछुट्टै बैठक सम्झनुपर्छ।

६. "पदाधिकारी" भन्नाले कार्यसमितिका अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष र अन्य सदस्यहरुलाई जनाउँछ।

७. "सदस्य" भन्नाले ...................... समुहका सदस्यलाई जनाउँछ।

८."कार्यसमिति" भन्नाले यस विधानको दफा ४.१ (क) वमोजिम गठन हुने समितिलाई जनाउछ।

**१.३. संगठित समूह हुने :**

(क) महिला समूहको प्रचलित व्यवस्थाको अनुकुल हुने गरी आफ्नै छुट्टै छाप र प्रतिक चिन्ह हुनेछ। यस्तो छापमा गोलो घेराभित्र समुहको नाम, ठेगाना र स्थापना साल तथा प्रतिक चिन्ह अंकित भएको हुनेछ।

(ख) समुहको कार्यालय समुहले तोकेको सम्वन्धित वडाको कुनै स्थानमा रहनेछ।

(ग) समुहले व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न सक्नेछन्। तर समूहले आफ्नो अचल सम्पति बिक्रि गर्न भने पाउने छैन।

**२. समुहको उद्धेश्य तथा कार्यहरु :-**

**२.१. समूहका उदेश्यहरु देहाय वमोजिम रहने छन् :**

(क) स्थानीय स्तरमा छरिएर रहेका स-साना रकमलाई समूहगत रुपमा बचत गरी उक्त रकमलाई आवश्यकता अनुरुप उत्पादनशील कार्यमा परिचालन गर्ने।

(ख) विभिन्न निकायबाट प्रवाह गरिने सेवामा महिलाको पँहुच अभिवृद्धि गर्ने।

(ग) महिलाहरुलाई आफ्ना हक, हित र अधिकारका विषयमा जागरुक गराउने।

किशोर कार्की
प्रमुख प्रशासकीय अधिकृत

(घ) विभिन्न निकायबाट सञ्चालन हुने विकासका क्रियाकलापहरुमा महिलाको सहभागिता सुनिश्चित गराई महिलाहरुलाई दक्ष र क्षमतावान बनाउने ।
(ङ) निर्णय प्रक्रियामा महिलालाई समान अवसर र अधिकार प्राप्त गर्न सक्षम बनाउने ।
(च) गाउँपालिका तथा वडाबाट संचालन हुने सहभागितामुलक योजना तर्जुमा, अनुगमन तथा मुल्याकंन प्रकृयामा महिलाहरुलाई सहभागी गराउने ।
(छ) सामाजिक विकृती विसङ्गती, कुरीति अन्धविश्वास, लैङ्गिक विभेद, सामाजिक अपहेलना विरुद्ध आवाज उठाउन जाकरुक गराउने ।
(ज) महिलाको सामाजिक, सास्कृतिक, आर्थिक, शैक्षिक, लैङ्गिक तथा विविध क्षेत्रमा हुने कमजोर उपस्थितिलाई पुरुष सरह पँहुचयोग्य बनाई समतामुलक समाजको निर्माणमा सहयोग पुर्याउने ।
(झ) महिला अधिकारमैत्री गाउँपालिकाको रुपमा पहिचान स्थापित गर्ने ।
(ञ) महिलामैत्री लक्षित कार्यक्रम तय गरी कार्यान्वियनका लागि वडा कार्यालय तथा गाउँपालिकामा पेश गर्ने।
(६) स्थानीय स्तरमा माग भई स्वीकृत भएका महिला सम्वन्धी कार्यक्रम संचालन गर्ने गराउने ।
(७) समूहलाई विकास गर्दै सहकारी संस्था गठन गर्न उन्मुख गराउने ।

**२.२ समुहका कार्यहरु :-**

क) सदस्यहरुलाई बचत गर्ने बानीको विकास गर्ने गराउने ।
ख) बचतबाट संकलित रकम सदस्यहरुलाई नै उत्पादनमूलक कार्यका लागि समूहकै निर्णय अनुसारको व्याज दरमा ऋण प्रदान गर्ने ।
ग) बचत रकम र ऋण परिचालनको रेकर्ड अद्यावधिक गरी राख्ने र प्रतिवेदन वार्षिक रुपमा साधारण सभा गरी समिक्षा गर्ने ।
घ) ऋण लगानीबाट सदस्यहरुले गरेको प्रगतिलाई लेखाजोखा गरी राम्रा पक्षलाई प्रोत्साहन र खराब पक्षलाई निराकरण गर्न सहयोग गर्ने ।
ङ) अन्धविश्वास, कुरीति, मानव बेचबिखन, बाल विवाह, बहुविवाह, जस्ता सामाजिक समस्या, विकृती, विसङ्गतीको पहिचान गरी सुधारका प्रयासहरु गर्ने ।
च) धुम्रपान तथा मद्यपान र जुवातासलाई न्युनिकरण गरी नमुना गाउँको रुपमा स्थापित गर्दै लैजाने ।
छ) टोलमा महिला सचेतनामुलक कार्यक्रम सञ्चालन गरी सभ्य, सुसँस्कृत टोल समाज निर्माणमा सक्रिय भूमिका निर्वाह गर्ने ।
ज) समानतामा आधारित पँहुच, समतामुलक समाज निर्माणमा जोड दिई महिला अधिकारका विषयहरुप्रति सचेत एवं चनाखो हुने ।
झ) सरकारी तथा गैरसरकारी संस्थाहरुसँगको सुमधुर सम्बन्ध स्थापित गरी महिला समूहको उत्थानमा सहजीकरण गर्ने ।
ञ) गाउँपालिका तथा वडाबाट सञ्चालित योजना तर्जुमा कार्यन्वयन सक्रिय तथा अनुगमनमा सहभागिता जनाउने ।
ट) होमस्टे तथा नयाँ व्यबसायको सुरुवात गरी आफ्नो रितिरिवाज, संस्कृतीको प्रदर्शन मार्फत आन्तरीक तथा वाह्य पर्यटन प्रवर्द्धनमा सहयोग पर्याउने ।
ठ) वडास्तरीय महिला समितिले वडाभित्र विभिन्न टोलमा रहेका समुहहरुको छाता संगठनको रुपमा रही आवश्यक समन्वय र नेतृत्व गर्ने ।

३. **सदस्यता :** एकै उद्देश्य तथा समान आर्थिक अवस्था भएको एवं यस समुहको विधानको परिधिभित्र रहने इच्छा व्यक्त गरेको व्यक्तिलाई देहाय वमोजिम यस समूहको सदस्यता प्रदान गर्न सकिनेछ :-

३.१ साधारण सदस्य :- यस समूह दर्ता गर्दाको समयमा रहेको सबै सदस्यहरु समूहको साधारण सदस्यका रुपमा रहने छन् ।

आवश्यकता परेको खण्डमा समूह सदस्यहरुको बैठकले निर्णय गरी यस्तो सदस्य थपघट गर्न सकिनेछ ।

३.२ समूहमा कुनै सदस्य थप गर्नुपर्ने अवस्थामा यस्ता सदस्यहरुले समूहको कोषमा भए बमोजिमको प्रति सदस्य रकम बराबरको लगानी गरी अन्य सदस्य सरह समुहको सबै क्रियाकलापमा समान सहभागिता जनाई समुहका विधान तथा नितिनियम पालना गर्नुपर्नेछ ।

३.३ साधारण सदस्यको लागी सदस्यता शुल्क रु...... समुहमा बुझाई सदस्यता प्राप्त गर्न सकिनेछ । यस्तो सदस्यता सदस्यता शुल्कको २५ प्रतिशतले हुन आउने रकम तिरी वार्षिक रुपमा नविकरण गर्नुपर्नेछ ।

३.४ सदस्यताको लागि योग्यता :-

क) अन्य कुनै यस्तै प्रकारका उद्धेश्य लिई सञ्चालित समूहमा आवद्ध नरहेका व्यक्ति ।

ख) स्थायी रुपमा समुह परिचालन भएको क्षेत्रमा नै बसोवास गर्ने व्यक्ति ।

ग) समूहको विधान र उद्धेश्य अनुसार कार्य गर्न इच्छुक व्यक्ति ।

घ) २० वर्ष उमेर पूगेका र ६० वर्ष ननाघेका व्यक्ति ।

ङ) कुनै गैर कानुनी काममा संलग्नता नभएको व्यक्ति ।

च) मानसिक सन्तुलन ठिक भएको व्यक्ति ।

३.५ सदस्यता कायम नरहने अवस्था :-

क) समूहको नीति नियम, विधान विपरितको काम गरेको अवस्थामा ।

ख) कुनै गैरकानुनी काम गरेको हो भनी प्रमाणित भएमा ।

ग) समूहको नियमित लेनदेन आर्थिक कारोवारमा हिनामिना, हिसाव गढवड गरेको अवस्थामा ।

घ) समूहको नियमित बैठकमा विना जानकारी निरन्तर ३ पटक सम्म अनुपस्थित भएमा ।

ङ) सदस्य पदबाटराजिनामा दिई स्वीकृत भएमा ।

च) सदस्यको मृत्यु भएमा वा टोल छोडि अन्यत्र वसाई सरी गएमा ।

छ) समूहनै विघटन भएको अवस्थामा ।

**४. समुहको कार्यसमिति बैठक र साधारण सभा सम्बन्धी व्यवस्था :**

४.१ कार्यसमितिको गठन विधि र बैठक :

क) कार्यसमितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष र अन्य सदस्यहरु रहनेछन् । समुहका साधारण सभाका सदस्यहरुले आफु मध्येवाट निर्वाचन प्रक्रियाद्धारा माथि उल्लेखित पदाधिकारीहरुको चयन गरी कार्यसमिति गठन गर्नेछ ।

ख) कार्यसमिति न्युनतम ७ देखि १३ सदस्यीय हुनेछ ।

ग) कार्यसमितिको कार्यकाल दुई वर्षको हुनेछ । कुनै कारणले कुनै पद खालि भएमा बाँकी अवधिका लागि सभाले साधारण सदस्यहरु मध्येवाट उक्त पदमा पदाधिकारीको चयन गर्नेछ ।

घ) मासिक रुपमा कार्यसमितिको बैठक वस्नेछ र यस्तो वैठकमार्फत समूहले विविध निर्णय गर्नुका साथै बचत ऋण कार्यक्रम सञ्चालन गर्नेछ ।

४.२ कार्य समितिको काम कर्तव्य र अधिकार :

क) विधानको परिधि भित्र रहि, समूहको उद्धेश्य अनुरुप साधारण सभाले गरेको निति निर्देशनलाई पालना गर्ने ।

ख) समुहको वार्षिक कार्यक्रम बनाउने तथा समुहको क्रियाकलापहरु सञ्चालन गर्ने ।

ग) सरकारी तथा गैरसरकारी संस्थाहरु सँग सम्पर्क बृद्धि गर्ने महिला सम्वन्धि अन्य संघ संस्थाहरु संग सम्पर्क गरी बढी सहयोग प्राप्त गर्ने ।

घ) समुहको कार्य योजना बनाई लागु गर्ने ।

ङ) समूहको बार्षिक योजना बनाउने र प्रस्तुत गर्ने ।

४.३ साधारण सभा सम्वन्धी व्यवस्था :-

यस समूहको सदस्यता प्राप्त सम्पूर्ण सदस्य साधारण सभाको सदस्य हुने छ जुन समूह उच्चतम निकाय हुनेछ । यसले विधान पारित वा संसोधन गर्न सक्नेछ ।साधारण सभा वर्षमा एक पटक वस्ने छ । तर आवश्यकता अनुसार जुनसुकै वेला साधारण सभा बोलाउन सकिने छ ।

४.४ साधारण सभाको अधिवेशन :-

विनोद कार्की
प्रमुख प्रशासकीय अधिकृत

कार्य समितिले तोकेको मिति र समयमा यस समुहको सचिवले अध्यक्षको परामर्श लिई लिखित सुचनाद्वारा सम्पूर्ण सदस्यलाई साधारण सभाको स्थान, मिति, समय तथा एजेण्डाको जानकारी गराउनु पर्नेछ ।

४.५ साधारण सभाको काम, कर्तव्य र अधिकार :

क) कार्यसमितिको निर्वाचन गर्ने तथा गठन गर्ने ।

ख) विधान संसोधन गर्ने ।

ग) वार्षिक बजेटको अनुमोदन गर्ने ।

घ) समूहको वार्षिक कार्यक्रम स्वीकृत गर्ने ।

ङ) समूहको वार्षिक कार्ययोजना वनाउने ।

४.६ साधारण सभाको गणपुरक संख्या :

समूहको साधारण सभाको बैठकमा कम्तिमा पनि ५१ प्रतिशत सदस्यहरुको उपस्थितिमा हुनु पर्नेछ । यदि सो नभए फेरी ५ दिन भित्र दोस्रो पटक अर्को साधारण सभा बोलाउनु पर्नेछ । यसमा कुल साधारण सदस्यको ३५ प्रतिशत उपस्थिति भएमा पनि साधारण सभाको बैठक बस्नेछ । दोस्रो पटक वोलाएको साधारण सभामा ३५ प्रतिशत उपस्थीति नभई गणपुरक संख्या नपुगेमा ३ दिन भित्र पुनः तेस्रो पटक साधारण सभा बोलाउनु पर्नेछ, यसमा जति सदस्य उपस्थीत भएपनि साधारण सभाको बैठक सञ्चालन हुनेछ ।

**५.पदाधिकारीहरुको काम कर्तव्य र अधिकार :**

५.१ अध्यक्ष :

क) समूहको बैठक र साधारण सभा बोलाउने ।

ख) समूहको नेतृत्व गरी समूहको विकास हुने, सदस्यहरुको हित हुने तथा सक्षमता विकास हुने काममा अग्रसर हुने ।

ग) समूहको प्रतिनिधित्व गरी स्थानीय सरकार, सरोकारवाला संघसंस्था संग समन्वय र सहकार्य गर्ने साथै समुहको आर्थिक र संस्थागत विकासका लागि स्रोतहरुको खोजी र परिचालन गर्ने ।

घ) समूहका अन्य पदाधिकारी तथा सदस्यहरुलाई एकजुट गराई ज्ञान, सिप र अनुभव साट्ने तथा साट्न सहजीकरण गर्ने ।

ङ) समूहको निम्ति नियम, विधान सम्बन्धी सबै सदस्यहरुलाई जानकारी गराउने साथै सुचना र जानकारीहरुलाई सदस्यहरु बीच संचार गर्ने।

च) अवसरको खोजि गरी समुह सदस्यहरुलाई समेत अवसर प्रदान गर्ने ।

छ) नियमित बैठक संचालन तथा समुह परिचालन र अध्यक्षता गर्ने ।

५.२ उपाध्यक्ष

क) अध्यक्षको काममा सहयोग गर्ने ।

ख) अध्यक्षको अनुपस्थितिमा समूहको अध्यक्षता गर्ने ।

ग) समूहले तोकेका अन्य काम गर्ने ।

५.३ सचिव :

क) अध्यक्ष संगको समन्वयमा नियमित बैठक बोलाउने ।

ख) बैठक पुस्तिका तयार गर्ने र लेख्ने ।

ग) समुहको कागजात चुस्तदुरुस्त राख्ने तथा सदस्यहरुसंग संचार गर्ने ।

घ) समूहको बैठक एव साधारण सभावाट पारीत निर्णयको कार्यन्वयनका लागी पहल गर्ने ।

ङ) वार्षिक प्रतिवेदन तयार गरी साधारण सभामा पेश गर्ने ।

५.४ सहसचिव

क) सचिवको काममा सहयोग गर्ने ।

ख) सचिवको अनुपस्थितिमा सचिवको जिम्मेवारी पुरा गर्ने ।

ग) समूहले तोकेका अन्य काम गर्ने ।

५.५कोषाध्यक्ष :

क) समुहको कोष, आर्थिक कारोबारको रेखदेख, कागजात अभिलेख चुस्त दुरुस्त राख्ने ।

विनोद कार्की
प्रमुख प्रशासकीय अधिकृत

ख) समूहको चल, अचल सम्पतिको सुरक्षाको जिम्मा लिने ।
ग) समूहको वार्षिक वजेट तयार पार्ने र साधारण सभामा वार्षिक आर्थिक प्रतिवेदन पेश गर्ने ।
घ) समूहको वैंक खाता खोलि आर्थिक कारोवार संचालन गर्ने ।
ङ) मासिक रुपमा समूहको आम्दानी खर्चको प्रतिवेदन कार्यसमितिमा पेश गर्ने ।

५.६ सदस्यहरु :
क) समूहले तोकेका जिम्मेवारीहरु पुरा गर्ने ।
ख) मासिक बैठकमा नियमित उपस्थिति भई छलफल र निर्णय प्रक्रियामा सहभागिता जनाउने ।
ग) समूह सदस्यहरु बीच एकता कायम गरी सहयोग गर्ने साथै एकअर्कामा सीप हस्तान्तरण गर्दै जाने ।
घ) समुहमा आफ्नो बचत, समूहको कोष अनुदान सहयोग, लगानी बारे जानकारी लिने वा राख्ने ।
ङ) आवश्यकता अनुसार समुहका अन्य उपसमितिमा रही तोकिएको जिम्मेवारी वहन गर्ने ।

**६. समुहको कोष :-** समूहको आफ्नै छुट्टै कोष रहने छ । उक्त कोषमा देहाय बमोजिमका रकमहरु जम्मा हुनेछ :
६.१ कोष सदस्यहरुको सदस्यता शुल्क, मासिक बचत, ऋणबाट आएको व्याज र अन्य सहयोग, अनुदान ।
६.२ विदेशी तथा स्वदेशी नागरीक, संघसंस्थाबाट स्वेच्छाले उपल्बध गराइएको अनुदान वा पुरस्कार रकम ।
६.३ संघ, प्रदेश र स्थानीय सरकारले प्रदान गरेको अनुदान रकम ।

**७. समुहको कोष संचालन** :
७.१ समूहको अध्यक्ष, कोषाध्यक्ष, र समूहको वैठकले निर्णय गरेको कुनै एक सदस्यको संयुक्त दस्तखत बाट संचालन हुने गरी मान्यता प्राप्त वैंकमा खाता खोली समुहको आर्थिक कारोबार संचालन गरिनेछ ।
७.२ समुहले साधारण सभावाट आर्थिक विनियम वनाई समूहको आर्थिक कारोवारलाई स्वच्छ/पारदर्शि रुपमा सञ्चालन गरिनेछ ।

**८.कोष परिचालन :-** समुहमा भएको कोष परिचालनका लागि निम्न आधारहरुलाई अवलम्वन गरिनेछ ।
८.१ समूह सदस्यहरुलाई आयआर्जन तथा व्यवसायिक क्रियाकलाप संचालन गर्न एवं अन्य उपलव्धिमूलक काम गर्न समुहको मासिक बैठकको निर्णयबाट पारित गरी ऋण उपलब्ध गराउने ।
८.२ बचत कर्ताका लागि वार्षिक १० प्रतिशत व्याजदर राख्ने ।
८.३ ऋण परिचालनका लागि वार्षिक १६ प्रतिशत व्याजदर राख्ने ।
८.४ कोष समुहको सदस्यभित्र मात्र परिचालन गरिने छ ।
८.५ समूहले आफनो कोषको हिसाव किताव महिला समुह दर्ता तथा सञ्चालन सम्वन्धी कार्यविधि २०७७ को अनुसुची ४ वमोजिमका ढाँचामा अनिवार्य रुपमा राख्नुपर्नेछ ।
८.६ समूहका कुनै सदस्य स्वेच्छिक रुपमा समूहवाट अलग भएमा निजको कुल बचत रकम र बचतको व्याज मध्ये ७५ प्रतिशत रकम निज्लाई फिर्ता दिइने छ । तर कुनै सदस्यको मृत्यु भएमा वा निज बसाईसरी अन्यत्र गएमा कुल बचत रकम र बचतको सतप्रतिशत व्याज निजलाई वा निजको नजिकको हकवालालाई प्रदान गरीने छ ।
८.७ समूहले आफ्नो कार्यालय सञ्चालन र प्रशासनिक खर्चका लागि ऋण लगानीवाट प्राप्त व्याजको केहि अंश कार्यसमितिको वैठकको निर्णय वमोजिम खर्च गर्न सक्नेछ ।

**९. विधान संसोधन :** समुहको विधान संसोधन गर्न आवश्यक भएमा साधारण सभाको सदस्यहरु मध्ये कम्तिमा ५१ प्रतिशत सदस्यहरुले लिखित रुपमा विधान संसोधनको मस्यौदा साधारण सभामा पेश गर्न सक्नेछन् । यसरी पेश भएको मस्यौदा विधान संसोधन प्रस्ताव साधारण सभाको दुई तिहाई वहुमतले पारीत गरी गाउँपालिकावाट स्वीकृत भएपछि मात्र विधान संसोधन भएको मानिनेछ ।

**१०.नियम बनाउन सक्ने :** समुहले आफ्नो कार्य संचालनलाई पारदर्शी र सहज बनाउन यस विधानको अधिनमा रही आवश्यकता अनुसार नियमहरु वनाउन सक्ने छ ।

**११.मानव संसाधन व्यवस्थापन :** समूहले आवश्यक ठहर गरेमा, समूहको परिचालनका लागि स्वयंमसेवक, दैनिक आंशिक वा पूर्ण रुपमा काम गर्ने जनशक्तिको लागि अवसर सृजना गर्न सक्नेछ । यसका लागि समूहले निर्णय गरी दैनिक पारिश्रमिक, भत्ता वा अन्य जुनसुकै सेवा सुविधा उपलव्ध गराउन सक्नेछ ।

विनोद कार्की
प्रमुख प्रशासकीय अधिकृत

**१२.समूह विगठन तथा खारेजी :**

१२.१ समूह सदस्यहरुले आवश्यक ठानेर कारण सहित सदस्यहरुको शतप्रतिशत भेलाबाट प्रस्ताव पारित गरी निर्णय भएको अवस्थामा समूह विगठन हुन सक्नेछ तर समूह विगठनको अवस्थामा कुनै व्यक्ति, संघसंस्था, निकायबाट प्राप्त बचत रहेको अनुदान वा सहयोग रकम सदस्यहरु बिच बाँडफाँड गर्न पाइने छैन र उक्त रकमलाई महिलाहरुको आर्थिक उन्नति हुने कामका लागि समूह दर्ता भएको निकायमा जिम्मा लगाईने छ ।

१२.२ समूह विगठन तथा खारेजी गर्नु पर्ने अवस्था आएमा सम्बन्धित वडा र गाउँपालिकालाई विगठन बारे कारण सहितको जानकारी दिनु पर्नेछ ।

१२.३ माथि उल्लेखित उपदफा १२.२ वमोजिम समूह विगठन भएको जानकारी प्राप्त भएपछि गाउँपालिकाले उक्त समूहलाई खारेज गरी दर्ता सुचीवाट हटाउनु पर्नेछ ।

१२.४ समुह बिगठन भए सदस्यहरुको वचत रकम र सोवाट प्राप्त भएको व्याज रकम वाहेक अन्य चल अचल सम्पत्ति गाउँपालिकामा हस्तान्तरण हुनेछ ।

१३. यो विधान र विधान अन्तर्गत रहेका र बनेका नियमहरुको व्याख्या गर्ने अधिकार समूहका पदाधिकारी तथा सदस्यहरुको रहनेछ ।

१४. संघ, प्रदेश तथा स्थानीय सरकारबाट प्राप्त हुने नियमन, पृष्ठपोषण सल्लाह तथा अनुरोधको पालना गर्नु समुहमा आबद्ध सबैको कर्तव्य हुनेछ ।

१५.हामी तपशीलका व्यक्तिहरु यस समूहको विधान बमोजिम सहमति भई हस्ताक्षर गरेका छौ :

**आज्ञाले**
**बिनोद कार्की**
**प्रमुख प्रशासकीय अधिकृत**

बिनोद कार्की
प्रमुख प्रशासकीय अधिकृत